नेपाल सरकार

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(..........................................................................शाखा)

प.सं. :

च.नं. :

सिंहदरवार, काठमाण्डौं

## प्रेस विज्ञप्ति

माननीय कानून न्याय तथा संसदीय मामिला मन्त्री श्री गोविन्द प्रसाद शर्मा (कोइराला) सँग संयुक्त राज्य अमेरिकाका Special Envoy to Advance the Human Rights of Lesbian, Gay, Bisexual, Transgender, Queer and Intersex (LGBTQI+) persons Jessica Stern ले आज कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा शिष्टाचार भेटवार्ता गर्नुभयो ।

भेटवार्ताका क्रममा माननीय मन्त्रीज्यूले संविधानको व्यवस्था, सर्वोच्च अदालतको फैसला, राष्ट्रिय मूल्य मान्यता अनुरुप Lesbian, Gay, Bisexual, Transgender, Queer and Intersex (LGBTQI+) व्यक्तिहरुको हक अधिकार संरक्षण गर्न सरकार गम्भीर रहेको कुरा जानकारी गराउनुभयो । साथै उहाँले नेपालको आर्थिक, सामाजिक, न्यायिक, शैक्षिक क्षेत्रमा संयुक्त राज्य अमेरिकाले पुर्याएको सहयोगको लागि धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा समेत समन्वय र सहकार्य जारी रहने धारणा व्यक्त गर्नुभयो ।

भेटका क्रममा Special Envoy to Advance the Human Rights of Lesbian, Gay, Bisexual, Transgender, Queer and Intersex (LGBTQI+) Jessica Stern ले नेपालमा Lesbian, Gay, Bisexual ,Transgender, Queer and Intersex (LGBTQI+) को विषयमा भएका कानूनी व्यवस्थाको प्रशंसा गर्दै यस सम्बन्धमा नेपाल सरकारसँग संयुक्त राज्य अमेरिका सदैव सहयोग र सहकार्य गर्न प्रतिवद्ध रहेको धारणा व्यक्त गर्नुभयो ।उक्त अवसरमा नेपालका लागि संयुक्त राज्य अमेरिकाका महामहिम राजदूत Randy Berry समेतको उपस्थिति रहेको थियो ।

मिति : २०७९।०४।२६

(फणिन्द्र गौतम)

सहसचिव एवम् प्रवक्ता